# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

खानेपानी तथा ढल निकास विभाग, क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय सुर्खेतमा कार्यरत ईन्जिनियर दुर्गादत्त खरेलले काप्रीचौर तथा राकम खानेपानी आयोजना र काल्याखोला खानेपानी योजनाको आ.व. ०७३/०७४ को विल भुक्तानी गर्ने प्रयोजनमा सेवाग्राहीसंग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिई गएको टोलीले निजलाई रु. ८७,०००/– (सतासी हजार) घुस रिसवत रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु. ८७,०००/– (सतासी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै सोही कार्यालयमा कार्यरत सरसफाई टेक्नीसियन दल बहादुर घर्तिले भ्रष्टाचारजन्य कसूर हुन लागेकोमा रोकी नियन्त्रण गर्नुपर्नेमा, आफू संलग्न नहुनु पर्नेमा उक्त कसूर गर्न सहयोगीको कार्य गरेको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुंदा निजलाई ईन्जिनियर दुर्गादत्त खरेललाई हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र सोही दफा र उपदफाको देहाय (ग) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता